स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी र डेब्यू अभिनेत्री प्रिन्सी खतिवडाको प्रेमिल केमेस्ट्रि जगेको फिल्म बादुलो जुनमा सजावेश गीत सार्वजनिक गरिएको छ। तिहारको अवसर पारेर आगामी कार्तिक २६ गते रिलिज हुने फिल्मको अल्लारे ठिटो आयो बोलको डान्सिङ नम्बर निर्माण चुदचुबबाट सार्वजनिक गरिएको हो। पुरानो नेपाली समाजको मौलिक परिवेशमा तयार पारिएको गीतको भिडियोमा अनमोल र प्रिन्सीबीचको दोहोरी नोकझोक र प्रेमिल भाव देखाइएको छ।

आजको विचार...



शत्रु ...
(दुई पैजमा)

बिदुर घिमिरे

अभिनेत्री उपासना सिंह ठकुरी अभिनीत नयाँ नेपाली चलचित्र "जलाकी"को आधिकारिक ट्रेलर सार्वजनिक गरिएको छ। ललितपुरको लबिना मलमा आयोजित कार्यक्रमबीच सार्वजनिक गरिएको ट्रेलरमा मगर समुदायको संस्कृति, परिवेश र प्रेमकथालाई प्रस्तुत गरिएको छ। चलचित्रमा उपासना अभिनेता सोनम तोप्देनसँग मुख्य भूमिकामा देखिएकी छन्। ट्रेलर सार्वजनिक कार्यक्रममा अभिनेत्री उपासनाले "जलाकी" आफ्नो अभिनय यात्राकै विशेष चलचित्र भएको बताएकी छन् ।



❐ वर्ष ३१ ❐ अंक १०६ ❐ २०८३ कार्तिक २२ गते आइतबार 8 November 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

तीन प्रहरी अधिकृतको मृत्यु

रासस/ सिन्धुवा

काठमाडौं, कार्तिक २१/ ग्वाटेमालामा एक सांसद्लाई लक्षित गरी शुक्रबार भएको सशस्त्र आक्रमणमा तीन प्रहरी अधिकृतको मृत्यु भएको छ। आक्रमणमा लक्षित सांसद् भने सकुशल बचेका छन्। स्थानीय अग्निनियन्त्रक अधिकारी बायरन भास्क्वेजका अनुसार, आक्रमण हुँदा सांसद् जुलियो पोर्टिलो पूर्वी ग्वाटेमालाको जाकापा प्रान्तस्थित रियो होन्डो सहरमा थिए। जाकापा लागुऔषध तस्करीका लागि परिचित क्षेत्र हो।गृह मन्त्रालयले मृत्यु हुने तीनै जना राष्ट्रिय नागरिक प्रहरी (नेसनल सिभिल पुलिस) का सदस्य रहेको पुष्टि गरेको छ। उनीहरूले सांसद्लाई लक्षित गरी गरिएको प्रत्यक्ष आक्रमण विफल पारेको मन्त्रालयले जनाएको छ। आक्रमणमा संलग्न व्यक्ति फरार रहेका छन् भने उनीहरूको पहिचान खुल्न सकेको छैन।जाकापा क्षेत्रमा लागुऔषध कारोबारमा लोरेन्जाना परिवारको गिरोहको प्रभाव रहेको छ। उक्त गिरोहको सम्बन्ध मेक्सिकोको सिनालोआ कार्टेलसँग रहेको बताइएको छ। पोर्टिलो सन् २०२३ मा विपक्षी दल काबलबाट सांसद् निर्वाचित भएका थिए। पछि उनी पूर्वप्रथम महिला सान्ड्रा टोरेस नेतृत्वको नेसनल युनिटी अफ होप पार्टीमा प्रवेश गरेका थिए।टोरेस आगामी वर्ष ग्वाटेमालामा हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार बन्ने अपेक्षा गरिएको छ ।

तिहारको रौनक : आज कुकुर तिहार, लक्ष्मी पूजा पनि आजै

हाम्रा संवाददाता

पाल्पा, कात्तिक २१/ यमपञ्चक अर्थात् तिहारको उल्लाससँगै आज घर-घरमा कुकुरको पूजा गरी कुकुर तिहार र धनधान्यकी देवी लक्ष्मीको आराधना गर्दै लक्ष्मीपूजा मनाइँदैछ । तिथिको घटबढका कारण यस वर्ष कुकुर तिहार र लक्ष्मीपूजा एकैदिन परेको हो ।

सामान्यतया यमपञ्चकको दोस्रो दिन कुकुर तिहार र तेस्रो दिन लक्ष्मी पूजा पर्छ । तर यस वर्ष तिथि घटबढका कारण कुकुर तिहार र लक्ष्मी पूजा एकै दिन परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । कुकुरलाई इमानदार, आज्ञाकारी र सुरक्षाको भरपर्दो साथीका रूपमा सम्मान गर्दै आज बिहानैदेखि घर-घरमा पूजा गर्ने, माला लगाइदिने तथा मीठा परिकार खुवाउने चलन छ । धार्मिक मान्यताअनुसार यमराजको द्वारपालका रूपमा रहेका श्याम र सबल नामका कुकुरलाई प्रसन्न पार्न कुकुर तिहार मनाउने गरिएको हो । कुकुरलाई पूजा गरी मीठा खानेकुरा दिएमा यमलोकको यात्रा सहज हुने धार्मिक विश्वास रहेको धर्मशास्त्रविद्हरु बताउँछन् । महाभारतमा धर्मराज युधिष्ठिरको स्वर्ग यात्रामा समेत कुकुरले साथ दिएको प्रसंगले यसको धार्मिक महत्वलाई थप उजागर गरेको छ । आजै ऐश्वर्य, धनधान्य र समृद्धिकी देवी लक्ष्मीको पूजा आराधना गरी लक्ष्मीपूजा पनि मनाइँदैछ । घर सफासुग्घर राखिएको स्थानमा मात्र लक्ष्मीको बास हुन्छ भन्ने धार्मिक विश्वासअनुसार बिहानैदेखि घर, आँगन, ह्यालढोका, चोटाकोठा र वरपरका स्थान सरसफाइ गरी साँझ दीपावली गरेर लक्ष्मीको स्वागत गरिन्छ । आँगनदेखि मूलढोका हुँदै पूजा गर्ने कोठासम्म चामलको पीठो र अबिरले लक्ष्मीको पाइला बनाउने तथा बाटोमा दियो बाल्ने परम्परा छ । साँझ विधिपूर्वक दियो, कलश र गणेशसहित लक्ष्मी स्थापना गरी गरगहना, धन, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाएर पूजा गरिन्छ । लक्ष्मीपूजापछि कन्या तथा छोरीचेलीलाई लक्ष्मीको प्रतीक मानी पूजा गर्ने र दक्षिणा दिने चलनसमेत छ । कार्तिक कृष्ण औंसीको रातलाई सुखरात्री पनि भनिन्छ । धार्मिक मान्यताअनुसार यस दिन घरबाट धनसम्पत्ति बाहिर पठाउनु शुभ मानिँदैन । लक्ष्मीपूजाका अवसरमा घरका नारीले मध्यरातमा नाङ्लो ठटाउँदै अलक्ष्मीलाई भगाएर लक्ष्मी र धनधान्यको आगमनको कामना गर्ने शास्त्रीय परम्परा रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

यसैगरी आज नरक चतुर्दशीका धार्मिक विधिसमेत गरिन्छ । अरुणोदयकालमा तीर्थ, नदी तथा तलाउमा स्नान र तर्पण गरी यमदीप दक्षिण फर्काएर बगाउने परम्परा छ । यसरी बत्ती बगाउँदा मृत्युपछि नरकको दर्शन गर्नु नपर्ने धार्मिक विश्वास छ । यस विधिलाई नरके बगाउने भनिन्छ । यमपञ्चकका पाँचै दिन तिलको तेल लगाएर स्नान गर्ने प्रचलनसमेत रहेको छ । यसले शरीरलाई स्वस्थ राख्न सहयोग पुग्ने आयुर्वेदिक मान्यता रहेको छ । कुकुरप्रति सम्मान, परिवारमा सुखसमृद्धिको कामना र घरआँगनमा दीप प्रज्वलन गर्दै मनाइने तिहारले धार्मिक तथा सांस्कृतिक महत्वसँगै आपसी सद्भाव, प्रेम र सामाजिक एकताको सन्देशसमेत दिने गरेको छ ।





२६१ परिवारले पाए लालपुर्जा



कपिलवस्तु, कार्तिक २१/ कपिलवस्तुको कृष्णनगर नगरपालिकाका २६१ परिवारले लामो समयको प्रतीक्षापछि गाउँब्लक जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा (लालपुर्जा) प्राप्त गरेका छन् ।कृष्णनगर नगरपालिका र नापी कार्यालय तौलिहवा, कपिलवस्तुको संयुक्त आयोजनामा कृष्णनगर नगरपालिका-९ मा आयोजित कार्यक्रममा वडा नं १, ७ र ९ का जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको हो । नगरपालिकाका अनुसार वडा नं १ का ७३, वडा नं ७ का ४९ र वडा नं ९ का १३९ जनालाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ । लामो समयदेखि जग्गा भोगचलन गर्दै आए पनि कानुनी स्वामित्वको प्रमाण नहुँदा विभिन्न समस्या झेल्दै आएका स्थानीयवासी लालपुर्जा पाएपछि खुसी भएका छन् ।

- (बाँकी अन्तिम पैजमा...)

सूचना

शुभ दिपावली २०८३ को पावन अवसरमा हाम्रा सम्पूर्ण पाठक,ग्राहकवर्ग विज्ञापनदाता, संवाददाता, शुभचिन्तक तथा कर्मचारीहरूमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्य दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । **शुभ दिपावलीको** अवसरमा कार्तिक ३२ गते आइतबारदेखि दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक कार्तिक २८ गते शनिबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ । सं

जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

आज महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती मनाइँदै

पाल्पा, कार्तिक २१/ नेपाली साहित्यका युगपुरुष एवं महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११८ औं जन्मजयन्ती आज स्वदेश र विदेशमा विभिन्न साहित्यिक कार्यक्रम गरी मनाइँदैछ । यस अवसरमा साहित्यिक गोष्ठी, कविता वाचन, विचार विमर्श तथा देवकोटाको साहित्यिक योगदानको चर्चा गरिने छ । महाकवि देवकोटाको जन्म विसं १९६६ मा कात्तिक कृष्णऔंसी अर्थात् लक्ष्मीपूजाका दिन काठमाडौं डिल्लीबजारमा भएको थियो ।

नेपाली साहित्यको कविता, निबन्ध, नाटक र आख्यान विधामा अतुलनीय योगदान पुऱ्याएका देवकोटालाई नेपाली साहित्यका महान् प्रतिभाका रूपमा स्मरण गरिँदै आएको छ । देवकोटाले नेपाली साहित्यलाई नयाँ उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनका सिर्जनामा मानवता, प्रकृतिप्रेम, सामाजिक चेतना, राष्ट्रिय भावना र मानवीय संवेदना सशक्त रूपमा अभिव्यक्त भएका छन् । देवकोटाका 'मुनामदन', 'शाकुन्तल', 'सुलोचना', 'कुञ्जिनी' र 'पागल' लगायतका कृतिहरू नेपाली साहित्यमा महत्वपूर्ण मानिन्छन् । विशेषगरी 'मुनामदन' खण्डकाव्यले नेपाली समाजको जनजीवन, प्रेम, विछोड, गरिबी र मानवीय संवेदनालाई जीवन्त रूपमा प्रस्तुत गरेको छ । नेपाली भाषालाई साहित्यिक अभिव्यक्तिको समृद्ध माध्यमका रूपमा स्थापित गर्न देवकोटाले पुऱ्याएको योगदान अतुलनीय छ । छोटो समयमै कविता, निबन्ध, नाटक र महाकाव्यलगायत विभिन्न विधामा कलम चलाएका देवकोटाको साहित्यिक व्यक्तित्व आज पनि उत्तिकै सान्दर्भिक छ । नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानका कारण देवकोटा नेपाली जनमानसमा सधैं स्मरणीय छन् । उनको जन्मजयन्तीले नेपाली भाषा, साहित्य र सिर्जनात्मक लेखनप्रति नयाँ पुस्तालाई आकर्षित गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । विदेशी भाषामा नेपाली कृतिको अनुवाद र विदेशमा भएका विभिन्न सम्मेलनमा नेपालको प्रतिनिधित्व गरी नेपाली साहित्यको विश्वव्यापी प्रचारप्रसारमा समेत देवकोटाले महत्वपूर्ण योगदान दिएका थिए । विसं २०१६ मा शिक्षा तथा स्वायत्त शासनमन्त्री हुँदा नेपालभर नेपाली भाषालाई अनिवार्य विषयका रूपमा लागू गर्न/गराउनू र वर्तमान नेपाल प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय योगदान दिनु देवकोटाका अविस्मरणीय देन हुन् ।



पा.वि.हु.ब.नं. ०५१/०५२ पा.वि.प्र.का.ब.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

तिहार शुभ रहोस्

नेपालीहरूको दोस्रो ठूलो पर्वका रूपमा परिचित तिहार धार्मिक, सांस्कृतिक र सामाजिक महत्व बोकेको उज्यालो पर्व हो । यमपञ्चकका पाँच दिनसम्म मनाइने यस पर्वले प्रकृति, जीवजन्तु, मानव सम्बन्ध र पारिवारिक एकतालाई सम्मान गर्ने सन्देश दिन्छ । काग, कुकुर, गाई, गोरु र भाइटीकाको माध्यमबाट मनाइने तिहारले आपसी प्रेम, सद्भाव, सम्मान र आत्मीयताको सम्बन्धलाई थप प्रगाढ बनाउँछ । घरआँगनमा बालिने दीप, झिलिमिली बत्ती, देउसीभैलोका गीत र फूलमालाले वातावरणलाई उल्लासमय बनाउँछन्। त्यसैले तिहार केवल रमाइलो र मनोरञ्जनको पर्व मात्र नभई सामाजिक एकता र सांस्कृतिक पहिचानको प्रतीक पनि हो । घरआँगन सफा गर्ने, दीप प्रज्वलन गर्ने, फूलमाला लगाउने, देउसीभैलो खेल्ने र एकआपसमा शुभकामना साटासाट गर्ने परम्पराले तिहारलाई विशेष बनाएको छ । तर पछिल्लो समय चाडपर्व मनाउने नाममा देखिन थालेका केही विकृति र विसङ्गतिले यसको मौलिकता र सांस्कृतिक महत्त्वमाथि प्रश्न उठाउन थालेका छन् ।

चाडपर्व खुसी साट्ने अवसर हो, देखासिकी र प्रतिस्पर्धा गर्ने माध्यम होइन । तिहारमा घर सजावट, किनमेल, मिठाई, लत्ताकपडा र उपहारमा अनावश्यक खर्च गर्ने प्रवृत्ति बढ्दै गएको छ । आर्थिक अवस्था कमजोर भएका परिवारलाई समेत अरूको देखासिकी गर्नुपर्ने दबाब सिर्जना हुनु उचित होइन् । आफ्नो आर्थिक क्षमताअनुसार पर्व मनाउनु नै बुद्धिमानी हो । चाडपर्वले कसैलाई आर्थिक भार थप्ने होइन, बरु परिवार र समाजबीचको सम्बन्धलाई अझ बलियो बनाउने वातावरण सिर्जना गर्नुपर्छ । तिहारको नाममा जुवातास खेल्ने, मदिरा सेवन गरी होहल्ला गर्ने, झैझगडा गर्ने र सामाजिक मर्यादा बिर्सने प्रवृत्ति पनि नियन्त्रण गर्न आवश्यक छ । त्यस्तै, पटका, आतसबाजी र विस्फोटक पदार्थको प्रयोगले वातावरण प्रदूषण हुनुका साथै आगलागी, दुर्घटना र मानवीय क्षतिको जोखिम बढाउँछ । चर्को आवाजले बालबालिका, ज्येष्ठ नागरिक, बिरामी तथा पशुपक्षीलाई समेत असर पुऱ्याउँछ । मनोरञ्जनका नाममा अरूको स्वास्थ्य र सुरक्षामा असर पर्ने गतिविधि गर्नु सभ्य समाजको परिचय हुन सक्दैन । देउसीभैलो खेल्दा पनि समय, स्थान र सामाजिक मर्यादाको ख्याल गर्नुपर्छ । राति अबेरसम्म ध्वनि प्रदूषण गर्ने, जबर्जस्ती रकम माग्ने र सार्वजनिक स्थानमा अवरोध सिर्जना गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्छ । जाति, भाषा, धर्म, वर्ग र समुदायबीचको विभेदभन्दा माथि उठेर सबैले एकअर्काको खुसीमा साथ दिन सक्नुपर्छ । कुनै पनि परिवार दुःख, अभाव र निराशामा नपरोस्, सबैका घरआँगनमा सुख, शान्ति र समृद्धिको उज्यालो छाओस् । यस वर्षको तिहारले सबै नेपालीमा नयाँ उत्साह, सकारात्मक सोच र एकताको भावना जगाउन सकोस् । सबैको तिहार सुखद, सुरक्षित र मंगलमय रहोस् ।

Opinion @ Social Network

सबैको सोच बदल्न सकिदैन,
बस आफ्नो भविष्य चाहिँ सकिन्छ कोसिस गर्नुस् हैं ।
(बिरु थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Biru.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

*नवजनचेतना दैनिक*को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमुल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

शत्रु पनि जीवनको मार्गदर्शक बन्न सक्छ, सोच सकारात्मक हुनुपर्छ



बिदुर घिमिरे

यद्यपि जीवनमा विरोधी, आलोचक र प्रतिस्पर्धी हुनु सधैं नराम्रो पक्ष मात्र होइन । कतिपय अवस्थामा विरोधले मानिसलाई सचेत बनाउँछ, आलोचनाले कमजोरी देखाउँछ र प्रतिस्पर्धाले क्षमता निखार्ने अवसर दिन्छ । हामीलाई मन नपराउने वा हाम्रो बाटोमा अवरोध सिर्जना गर्ने मानिसको व्यवहारले पनि जीवनमा केही महत्वपूर्ण पाठ सिकाउन सक्छ । कसको अगाडि के बोल्ने, कहाँ कसरी प्रस्तुत हुने, कुन निर्णय गर्नुअघि कति सोच्ने र कुन बाटो रोज्ने भन्ने विषयमा मानिसलाई थप सचेत बनाउँछ । यस अर्थमा विरोधीलाई आफ्नो जीवनको मार्गदर्शकका रूपमा पनि लिन सकिन्छ । तर यसको अर्थ गलत काम, अपमान, अन्याय वा षड्यन्त्रलाई स्वीकार गर्नुपर्छ भन्ने होइन । बरु त्यस्ता परिस्थितिबाट पाठ सिकेर अझ संयमित, अनुशासित, विवेकी र कर्मशील बन्नुपर्छ भन्ने हो । विरोधीको व्यवहारले हामीलाई आफ्नो कमजोरी सुधार्ने अवसर दिन सक्छ । आलोचनाले आत्ममूल्याङ्कन गर्न सिकाउँछ भने चुनौतीले आफ्नै सामर्थ्य परीक्षण गर्ने अवसर प्रदान गर्छ । धेरै माया, समर्थन र प्रशंसाले कहिलेकाहीँ मानिसलाई आत्मरतिमा डुबाउन सक्छ । आफूले गरेका सबै काम ठीक छन् भन्ने भ्रम पैदा हुन सक्छ र आलोचना सुन्ने धैर्यसमेत हराउन सक्छ । त्यसैले प्रशंसकको भीडमा मात्र रमाउनु पर्याप्त हुँदैन ।

मानिसको वास्तविक परिचय उसको बोलीले मात्र होइन, सोच, व्यवहार र अरूको सफलताप्रतिको दृष्टिकोणले निर्धारण गर्छ । मानिस मानिस नै हो, तर प्रत्येक मानिसभित्र अनेक रूप, स्वभाव र प्रवृत्ति लुकेका हुन्छन् । एउटै समाजमा बस्ने, एउटै वातावरणमा हुर्किने र एउटै बाटोबाट जीवनयात्रा सुरु गर्ने मानिसहरूको सोच, व्यवहार र जीवनप्रतिको दृष्टिकोण भने फरक-फरक हुन्छ । कोही आफ्नो उपलब्धिमा खुसी हुन्छन्, कोही परिवार, साथीभाइ, आफन्त र शुभचिन्तकको खुसीमा रमाउँछन् । तर केही यस्ता प्रवृत्तिका मानिस पनि हुन्छन्, जो आफ्ना नजिकका मानिसको प्रगति, उन्नति र सफलतामा समेत खुसी हुन सक्दैनन् । अरूको उपलब्धि उनीहरूका लागि प्रेरणाको स्रोत बन्नुको सट्टा ईर्ष्या, जलन र असन्तुष्टिको कारण बन्न पुग्छ । वास्तवमा मानिसको सोच नै उसको जीवनको सबैभन्दा ठूलो सम्पत्ति हो । सकारात्मक सोच भएको मानिसले अरूको सफलताबाट प्रेरणा लिन्छ, आफूलाई सुधार्ने प्रयास गर्छ र आफ्नो गन्तव्यतर्फ निरन्तर अघि बढ्छ । तर नकारात्मक सोचले ग्रसित मानिस अरूको बाटो हेरेरै आफ्नो अमूल्य समय खर्च गर्छ । कसरी आफू अगाडि बढ्ने भन्ने चिन्ता गर्नुभन्दा कसरी अरूलाई पछाडी पार्ने भन्ने ध्यानन्मा समय बिताउँछ । परिणामत: अरूलाई रोक्ने प्रयासमा ऊ आफै आफ्नो यात्राबाट टाढिँदै जान्छ । जीवन एउटा लामो यात्रा हो । यस यात्रामा सबैको गति समान हुँदैन । कोही छिटो अघि बढ्छन् त कोही ढिलो । कसैले सहज बाटो पाउँछन् भने कसैले अनेक अवरोध र चुनौतीसँग जुध्नुपर्छ । तर एउटा कुरा निश्चित छ, निरन्तर एक पाइला भए पनि अघि बढ्ने मानिस कुनै न कुनै दिन आफ्नो गन्तव्यको नजिक अवश्य पुग्छ । गन्तव्यमा पुग्न नसके पनि सफलताको ढोकासम्म पुग्ने सम्भावना उसले जीवित राखेको हुन्छ । तर अरूको खुट्टा तान्नमै व्यस्त रहने मानिसले आफ्नै यात्राको दूरीसमेत तय गर्न सक्दैन ।

सकारात्मक मानिसको सबैभन्दा सुन्दर विशेषता अरूलाई हात दिएर उठाउनु हो । कसैले यात्रा सुरु गर्न खोज्दा हौसला दिनु, लड्दा उठाउनु, कमजोर हुँदा साथ दिनु र सफल हुँदा मनैदेखि बधाई दिनु मानवीयताको सुन्दर पक्ष हो । सकारात्मक मानिसले अरूलाई अगाडि बढाउन खोज्दा आफू पनि अगाडि बढिरहेको हुन्छ । उसले अरूको हात समातेर तान्छ भने नकारात्मक प्रवृत्तिको मानिस खुट्टा तान्न र छिर्के हान्न खोज्छ । एउटा मानिस निर्माणमा विश्वास गर्छ भने अर्को भत्काउनमा । यही दुई प्रवृत्तिबीचको अन्तरले व्यक्तिको चरित्र र भविष्य निर्धारण गर्छ । अर्काको प्रगतिमा जल्ने मानिसले बुझ्नुपर्ने कुरा के हो भने अरूको सफलताले आफ्नो सम्भावना समाप्त गर्दैन । कसैले राम्रो काम गर्दैमा हाम्रो अवसर घट्दैन, कसैले सम्मान पाउँदैमा हाम्रो प्रतिष्ठा हराउँदैन र कसैले उन्नति गर्दैमा हाम्रो बाटो बन्द हुँदैन । संसारमा अवसरको कमीभन्दा सोचको दरिद्रता ठूलो समस्या हो । अरूको उपलब्धिलाई सहज रूपमा स्वीकार गर्न नसक्ने मानिसले आफ्नो क्षमता पहिचान गर्ने अवसरसमेत गुमाइरहेको हुन्छ । डाह र ईर्ष्याले अरूलाई भन्दा पहिले आफ्नै मनलाई अशान्त बनाउँछ । दिनमा असन्तुष्टि र रातमा छटपटी बोकेर बाँच्नुपर्ने अवस्था सिर्जना गर्छ ।

यद्यपि जीवनमा विरोधी, आलोचक र प्रतिस्पर्धी हुनु सधैं नराम्रो पक्ष मात्र होइन । कतिपय अवस्थामा विरोधले मानिसलाई सचेत बनाउँछ, आलोचनाले कमजोरी देखाउँछ र प्रतिस्पर्धाले क्षमता निखार्ने अवसर दिन्छ । हामीलाई मन नपराउने वा हाम्रो बाटोमा अवरोध सिर्जना गर्ने मानिसको व्यवहारले पनि जीवनमा केही महत्वपूर्ण पाठ सिकाउन सक्छ । कसको अगाडि के बोल्ने, कहाँ कसरी प्रस्तुत हुने, कुन निर्णय गर्नुअघि कति सोच्ने र कुन बाटो रोज्ने भन्ने विषयमा मानिसलाई थप सचेत बनाउँछ । यस अर्थमा विरोधीलाई आफ्नो जीवनको मार्गदर्शकका रूपमा पनि लिन सकिन्छ । तर यसको अर्थ गलत काम, अपमान, अन्याय वा षड्यन्त्रलाई स्वीकार गर्नुपर्छ भन्ने होइन । बरु त्यस्ता परिस्थितिबाट पाठ सिकेर अझ संयमित, अनुशासित, विवेकी र कर्मशील बन्नुपर्छ भन्ने हो । विरोधीको व्यवहारले हामीलाई आफ्नो कमजोरी सुधार्ने अवसर दिन सक्छ । आलोचनाले आत्ममूल्याङ्कन गर्न सिकाउँछ भने चुनौतीले आफ्नै सामर्थ्य परीक्षण गर्ने अवसर प्रदान गर्छ । धेरै माया, समर्थन र प्रशंसाले कहिलेकाहीँ मानिसलाई आत्मरतिमा डुबाउन सक्छ । आफूले गरेका सबै काम ठीक छन् भन्ने भ्रम पैदा हुन सक्छ र आलोचना सुन्ने धैर्यसमेत हराउन सक्छ । त्यसैले प्रशंसकको भीडमा मात्र रमाउनु पर्याप्त हुँदैन । आफ्नो कमजोरी देखाइदिने आलोचक र चुनौती दिने प्रतिस्पर्धी पनि आवश्यक हुन्छन् । तर आलोचनालाई व्यक्तिगत दृश्यनी र प्रशंसालाई अन्धसमर्थन ठान्ने प्रवृत्तिबाट भने हामी मुक्त हुनुपर्छ ।मानिसले जीवनमा सबैलाई खुसी पार्न सक्दैन । राम्रो काम गर्दा पनि आलोचना हुन्छ, अगाडि बढ्दा पनि खुट्टा तान्नेहरू भेटिन्छन् र सफल हुँदा पनि ईर्ष्या गर्नेहरू निस्कन्छन् । यस्तो अवस्थामा सबैलाई जवाफ दिँदै हिँड्नुभन्दा आफ्नो कर्मबाट जवाफ दिनु बुद्धिमानी हुन्छ । अपमानको जवाफ अपमानले होइन, आफ्नो व्यवहार र उपलब्धिले दिन सक्नुपर्छ । विरोधको जवाफ प्रतिशोधले होइन, अनुशासन र निरन्तरताले दिनुपर्छ । हामीले आफ्नो जीवनमा एउटा महत्वपूर्ण मान्यता स्थापित गर्न आवश्यक छ -अरूलाई पछाडी पारेर होइन, आफूलाई अगाडि बढाएर सफल बन्ने । अरूको खुट्टा तान्ने हातभन्दा कसैलाई उठाउने हात बलियो हुन्छ । अरूको असफलतामा रमाउने मनभन्दा अरूको सफलतामा खुसी हुने मन विशाल हुन्छ । जीवनको वास्तविक उचाइ पद, प्रतिष्ठा र सम्पत्तिले मात्र मापन हुँदैनह अरूको सफलतामा कति खुसी हुन सकिन्छ र कठिन परिस्थितिमा कति संयमित रहन सकिन्छ भन्ने कुराले पनि व्यक्तिको उचाइ निर्धारण गर्छ ।अन्ततः शत्रु, आलोचक र प्रतिस्पर्धीलाई आफ्नो कमजोरी बनाउने कि शक्तिमा बदल्ने भन्ने कुरा हाम्रै सोचमा निर्भर हुन्छ । कसैको कुभलो चाहेर आफ्नो समय र ऊर्जा नष्ट गर्नुभन्दा आफ्नै बाटो बलियो बनाउनु बुद्धिमानी हो । विरोधीलाई बलियो देखेर आफू कमजोर हुने होइन, अझ सचेत, सक्षम र परिपक्व बन्ने हो । जीवनमा सफल हुन नसके पनि असल बन्ने बाटो कहिल्यै बन्द हुँदैन । त्यसैले अरूको प्रगतिमा जल्ने होइन, प्रेरणा लिने संस्कार विकास गरौं । खुट्टा तान्ने होइन, हात समातेर उठाउने प्रवृत्ति निर्माण गरौं । अरूलाई हराउने प्रतिस्पर्धाभन्दा आफूलाई सुधार्ने प्रतिस्पर्धा गरौं । किनकि सकारात्मक सोचले मानिसलाई गन्तव्यसम्म पुऱ्याउँछ भने नकारात्मक सोचले उसलाई आफै असन्तुष्टिको घेराभित्र कैद गरिरहन्छ । जीवनको सबैभन्दा ठूलो विजय अरूलाई हराउनु होइन, आफ्नै नकारात्मक सोच, ईर्ष्या र कमजोरीलाई जित्नु हो । अन्त्यमा, नेपालीहरूको महान् चाड विजयादशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी, आफन्त, मित्रजन तथा शुभचिन्तकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । यी पर्वहरूले हामी सबैको जीवनमा सुख, शान्ति, समृद्धि र आपसी सद्भाव कायम राख्न प्रेरणा प्रदान गरून् । आगामी दिनमा सबैको सोच सकारात्मक बनोस्, विचार उदार बनोस्, व्यवहार शिष्ट बनोस् र जीवनयात्रा सधैं सकारात्मक मार्गतर्फ अघि बढोस् । अरूको प्रगतिमा खुसी हुने, दुःखमा साथ दिने र एकअर्काको हात समातेर अघि बढाउने संस्कारको विकास होस् । सबैको जीवनमा सफलता, सद्भाव र खुसी छाओस् । सकारात्मक सोच, सकारात्मक कर्म र सकारात्मक यात्राका लागि सबैमा हार्दिक शुभकामना ।

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२२३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०४३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५५५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५५५५७, ५५५५८८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
भिसनअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४१९२०१
पिकेन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेट्रिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००५४
एम्बुलेन्सस.
रोटरी क्लब बुटवल ०७१-५४६६००
लिग्रो क्लब अप बुटवल ०७१-५४६८२३
रेडक्रस भैरहवा०७१-५२०८६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००५५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८१-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल १९५७०२१४६
लुम्बिनी नि.ब्या.संघ भैरहवा ६२१७५८
बनगाई क्लब बनगाई ०७६-६९०७०२
रेडक्रस बेब्दह ०७१-५४७७९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९६४
न्यू एकता क्लब तानसेन : ०७५-४२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७०२०३६५
रामपुर टे इन्स्टी:९८५७०२२४७,९८५७०६७०४

दैनिक राशिफल

मेष :लेखनमा राम्रो प्रदर्शन हुने छ । रिसमा बोलेका शब्दले सम्बन्ध बिगार्ने छ ।
वृष : व्यवसायमा गुणस्तर सुधार हुने छ । घाँटीको असहजतालाई बेवास्ता नगर्नुहोस्।
मिथुन : विचार राख्ने अवसर प्राप्त हुनेछ । वैदेशिक कमाइ प्रगति हुनेछ।
कर्कट :सहकर्मीसँगको प्रयास सफल हुनेछ।पर्याप्त पानी पिउनेबानी अपनाउनुहोस्।
सिंह : नेतृत्व गर्ने जिम्मेवारी आउन सक्छ । जीवनसाथीलाई समय दिनुहोस् ।
कन्या :कागजीकाममा सावधानी अपनाउनुहोस् । प्रतिभा देखाउने अवसर मिल्ने छ ।
तुला: मनोरञ्जनमा रुचि बढ्नेछ । रोकिएको भुक्तानी प्राप्त हुने छ।
वृश्चिक : महत्वपूर्ण निर्णय लिनुपर्ने हुन सक्छ । लगानी गर्नुअघि विचार गर्नुहोस्।
धनु :बोलीबाट अरूको विश्वास जितलुहुनेछ । छोटो यात्रा हुने छ ।
मकर :जिम्मेवारीबारे स्पष्ट हुने समय छ।व्यापार मा ग्राहकसँगको सम्बन्ध बलियो बन्नेछ ।
कुम्भ: नयाँ योजनाले उत्साह थप्नेछ । काममा समय बचत हुनेछ ।
मीन:पुरानो विवाद टुंग्याउने अवसर मिल्नेछ।आर्थिक कागजात सुरक्षित राख्नुहोला।

कृषि

लुम्बिनीमा २७५ मेट्रिक टन फूल उत्पादन

बुटवल, यस वर्ष तिहारलाई लक्षित गरी लुम्बिनी प्रदेशमा २७९ मेट्रिक टन फूल उत्पादन हुने भएको छ । सयपत्री, मखमलीलगायत फूल प्रदेशका १२ वटै जिल्लामा गरी ५९ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ ।लुम्बिनी प्रदेश कृषि निर्देशनालयका अनुसार उत्पादित फूलबाट करिब ७ करोड ५६ लाख रुपैयाँको कारोबार हुने अनुमान गरिएको छ । निर्देशनालयका कृषि प्रसार अधिकृत नवीन गैरेले प्रदेशमा व्यावसायिक फूलखेती बढ्दै गएकाले उत्पादन र कारोबार दुवै बढ्ने अपेक्षा गरिएको बताए ।यस वर्ष प्रदेशमा २५९ मेट्रिक टन सयपत्री फूल उत्पादन हुने अनुमान छ । यसबाट ६ करोड ९४ लाख ५३ हजार ५०० रुपैयाँ बराबरको कारोबार हुने प्रक्षेपण गरिएको छ । यस्तै, १८.५ मेट्रिक टन मखमली फूल उत्पादन हुने र त्यसबाट करिब ६० लाख ५० हजार रुपैयाँको कारोबार हुने अनुमान छ । कट्लावरअन्तर्गत गुलाबको उत्पादन पनि केही मात्रामा हुने गरेको छ ।

तिहारका बेला प्रदेशको माग धान्न स्थानीय उत्पादनले महत्त्वपूर्ण योगदान गर्ने भए पनि केही फूल अन्य जिल्लामा समेत पठाइने गरेको गैरेले बताए । उनका अनुसार चितवन र नवलपरासीलगायतका जिल्लाबाट पनि लुम्बिनीमा फूल आउने गरेको छ ।पछिल्लो समय प्रदेशमा व्यावसायिक फूलखेती विस्तार हुँदै गएकाले विगतको तुलनामा बाहिरबाट फूल आयात गर्नुपर्ने अवस्था निकै कम भएको गैरेको दाबी छ ।

कुन जिल्लामा कति उत्पादन ?

कृषि विकास निर्देशनालयको तथ्याङ्क अनुसार फूलखेतीको क्षेत्रफलका आधारमा कपिलवस्तु पहिलो स्थानमा छ भने उत्पादन र कारोबारमा दाङ अगाडि देखिएको छ । कारोबारका आधारमा दाङपछि बाँके र रुपन्देही छन् ।कपिलवस्तुमा सबैभन्दा बढी २१ हेक्टर क्षेत्रफलमा फूलखेती गरिएको छ । यहाँबाट ४८ मेट्रिक टन फूल उत्पादन हुने अनुमान छ, तर कारोबारका आधारमा कपिलवस्तु चौथो स्थानमा छ । यहाँ फूल बिक्रीबाट १ करोड ३ लाख २० हजार रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ ।कारोबारमा दाङ पहिलो स्थानमा छ । दाङमा ८ दशमलव ८ हेक्टर क्षेत्रफलमा फूलखेती गरिएको छ । यहाँ ४८ दशमलव ५ मेट्रिक टन फूल उत्पादन हुने र बिक्रीबाट १ करोड ५२ लाख ३० हजार रुपैयाँ कारोबार हुने अनुमान गरिएको निर्देशनालयले जनाएको छ ।दोस्रो स्थानमा रहेको बाँकेमा ५ हेक्टर क्षेत्रफलमा फूलखेती गरिएको छ । यहाँ ३८ दशमलव ५ मेट्रिक टन फूल उत्पादन हुने र १ करोड ५१ लाख ७५ हजार रुपैयाँको कारोबार हुने अनुमान गरिएको छ । दाङ र बाँकेबिच कारोबारको अन्तर जम्मा ५५ हजार रुपैयाँ छ । रुपन्देही कारोबारमा तेस्रो स्थानमा छ । यहाँ २ दशमलव ८३ हेक्टर क्षेत्रफलमा फूलखेती गरिएको छ । क्षेत्रफल कम भए पनि ४२ दशमलव ४५ मेट्रिक टन उत्पादन हुने अनुमान छ । फूल बिक्रीबाट १ करोड ४८ लाख ५७ हजार ५०० रुपैयाँ आम्दानी हुने निर्देशनालयको अनुमान छ । कपिलवस्तुपछि पाल्पा पाँचौं स्थानमा छ । पाल्पामा ५ हेक्टर क्षेत्रफलमा फूलखेती गरिएको छ । त्यहाँ ३९ मेट्रिक टन उत्पादन हुने र ७७ लाख ४० हजार रुपैयाँको कारोबार हुने अनुमान छ ।नवलपरासी पश्चिममा ३ दशमलव ७५ हेक्टर क्षेत्रफलमा फूलखेती गरिएको छ । त्यहाँ २५ मेट्रिक टन उत्पादन र ६२ लाख ५० हजार रुपैयाँ कारोबार हुने अनुमान छ । त्यस्तै रोल्पामा १ हेक्टरमा खेती गरी ८ मेट्रिक टन उत्पादन र १६ लाख रुपैयाँ कारोबार हुने अनुमान छ । गुल्मीमा ४ दशमलव ७५ हेक्टरमा खेती हुँदा १७ मेट्रिक टन उत्पादन र १४ लाख रुपैयाँ कारोबार हुने अनुमान छ ।प्युठानमा ४ दशमलव ५ हेक्टरमा फूलखेती गरिएको छ । त्यहाँ ५ दशमलव ५ मेट्रिक टन उत्पादन र १३ लाख २५ हजार रुपैयाँ कारोबार हुने अनुमान छ । रुकुम पूर्वमा शून्य दशमलव २५ हेक्टरमा खेती गरी २ दशमलव ५ मेट्रिक टन उत्पादन र ६ लाख ५० हजार रुपैयाँ कारोबार हुने अनुमान छ । अर्घाखाँचीमा आधा हेक्टर क्षेत्रफलमा फूलखेती गरिएको छ । यहाँ ३ मेट्रिक टन उत्पादन र ६ लाख रुपैयाँ कारोबार हुने अनुमान छ । सबैभन्दा कम कारोबार बर्दियामा हुने देखिएको छ । त्यहाँ १ दशमलव २३३ हेक्टरमा फूलखेती गरी २ मेट्रिक टन उत्पादन र ४ लाख ७१ हजार रुपैयाँ कारोबार हुने अनुमान छ ।

सयपत्री खेतीमा किसानको आकर्षण बढ्दै


कपिलवस्तुका पत्रकार दीपक अनुरागी यतिबेला छिमेकी जिल्ला अर्घाखाँचीको शीतगंगा नगरपालिका-१३ सिमलपानीस्थित कृतिपुरमा सयपत्री फूल उत्पादन र बजारीकरणमा व्यस्त छन् । तिहारलाई लक्षित गरी उनले स्थानीयवासीसँगको सहकार्यमा तीन रोपनी बाँझो जमिनमा व्यावसायिक सयपत्री खेती गरेका हुन् ।बाँझो जमिनको सदुपयोग गर्दै युवालाई कृषि कर्ममा जोड्न सकिन्छ भन्ने सन्देश दिन आफू फूल खेतीमा लागेको अनुरागी बताउँछन् । खेतीबाट उत्पादन हुने फूल कपिलवस्तु र बुटवलका बजारमा ल्याएर बिक्री गर्ने उनको योजना छ । तिहारसम्म करिब पाँच क्विन्टल फूल उत्पादन हुने अनुमान गरिएको उनले बताए । तर, उत्पादनसँगै बजार व्यवस्थापन चुनौतीका रूपमा रहेको उनको भनाइ छ । अन्य खेतीको तुलनामा फूल खेती गर्न सहज हुने अनुभव सुनाउँदै उनले यसलाई आम्दानीको राम्रो माध्यम बनाउन सकिने बताए ।'बाँझो जमिन त्यसै राखुनभन्दा सदुपयोग गर्न सकिन्छ । युवाहरूलाई कृषि कर्ममा जोड्न र कृषि क्षेत्रमा पनि सम्भावना छ भन्ने सन्देश दिन फूल खेती सुरु गरेका हौं,' उनले भने ।पाल्पाको मदनपोखराकी सुमित्रा कँडेल पनि व्यावसायिक रूपमा तिहारलक्षित सयपत्री फूल खेती गर्दै आएकी छन् । अन्य समयमा तरकारी खेती गर्ने उनले यस वर्ष तिहारलाई लक्षित गरेर सयपत्री लगाएकी हुन् ।तरकारी खेतीको तुलनामा फूल खेतीमा रोगको समस्या कम हुने र धेरै झन्झट गर्न नपर्ने भएकाले आफू यसतर्फ आकर्षित भएको उनले बताइन् । उत्पादित फूल बिक्री गर्न पनि खासै समस्या नभएको उनको अनुभव छ ।यस्तै, लामो समयदेखि बुटवलमा व्यावसायिक फूल खेती गर्दै आएका राजेश कुँवरले पनि बजारको समस्या नरहेको बताए । बुटवलमा उत्पादित फूल मागअनुसार विभिन्न जिल्लामा पुऱ्याउन सकिने भएकाले बिक्रीका लागि सहज भएको उनको भनाइ छ । स्थानीय तहले विगतमा तिहारका बेला फूल बिक्रीका लागि निश्चित स्थान तोकेर सहजीकरण गरिदिँदा किसानलाई थप सहज भएको उनले बताए ।लुम्बिनी प्रदेशमा उत्पादन हुने फूलमध्ये सयपत्रीको हिस्सा सबैभन्दा धेरै छ । प्रदेशका १२ जिल्लामा कुल ४९ दशमलव ७१ हेक्टर क्षेत्रफलमा सयपत्री खेती गरिएको लुम्बिनी प्रदेश कृषि निर्देशनालयका कृषि प्रसार अधिकृत नवीन गैरेले जानकारी दिए । उनका अनुसार सयपत्री फूल खेतीबाट करिब तीन महिनासम्म आम्दानी लिन सकिन्छ । एकपटक बिरुवा लगाएपछि तुलनात्मक रूपमा धेरै स्याहारसुसार गर्न नपर्ने भएकाले पछिल्ला वर्षमा व्यावसायिक फूल खेती गर्ने किसानको संख्या बढ्दै गएको छ । तिहार, छठलगायत चाडपर्वमा फूलको माग उच्च हुने भएकाले व्यावसायिक खेतीप्रति किसानको आकर्षण बढेको उनको भनाइ छ ।स्थानीय उत्पादनले बजारको माग धान्न सके किसानले राम्रो आम्दानी लिन सक्ने सम्भावना छ । तर, उत्पादनसँगै बजार व्यवस्थापन, बिक्री वितरण र उचित मूल्य सुनिश्चित गर्न सके फूल खेती किसानका लागि राम्रो आम्दानीको स्रोत बन्न सक्ने देखिन्छ ।

फूल उत्पादनमा प्रोत्साहन गर्ने स्थानीय तहको नीति

तिहार तथा छठ पर्व नजिकिएसँगै रुपन्देहीका स्थानीय तहले प्लास्टिकजन्य फूल तथा मालाको प्रयोग निरुत्साहित गर्दै स्थानीयस्तरमा उत्पादित फूल प्रयोग गर्न नगरवासीलाई आग्रह गरेका छन् ।स्थानीय पुष्प व्यवसायी तथा किसानलाई प्रोत्साहन गर्दै फूल उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले बुटवल उपमहानगरपालिका र सिद्धार्थनगर नगरपालिकाले यस्तो अभियान अघि बढाएका हुन् ।भारतबाट आयात हुने प्लास्टिक तथा कृत्रिम फूलमालाको प्रयोग घटाउँदै स्थानीय उत्पादनको बजार विस्तार गर्ने रणनीतिसहित स्थानीय तहले नगरवासीलाई स्वदेशी फूल प्रयोग गर्न अपिल गरेका छन् । विगतमा जस्तो सहज रूपमा फूलमाला आयात हुने सम्भावना कम रहेको अवस्थामा स्थानीय उत्पादनको प्रवर्द्धनमा जोड दिइएको हो ।

बुटवल उपमहानगरपालिकाका प्रमुख खेमराज पाण्डेले पुष्प व्यवसायीहरूसँग छलफल गरेपछि स्थानीय उत्पादनको प्रवर्द्धनका लागि यस्तो आग्रह गरिएको बताए । उनले तिहार तथा छठ पर्वका अवसरमा प्लास्टिकजन्य फूल तथा माला प्रयोग नगरी स्थानीय स्तरमा उत्पादित फूल प्रयोग गर्न नगरवासीलाई अपिल गरेका छन् ।उपमहानगरपालिकाले जारी गरेको अपिलमा प्लास्टिकजन्य फूल तथा मालाको प्रयोगले वातावरण प्रदूषित हुनुका साथै मानव स्वास्थ्यमा समेत नकारात्मक असर पर्ने उल्लेख गरिएको छ । स्थानीय उत्पादनको प्रयोग बढाउँदा पुष्प व्यवसायी तथा किसानले बजार पाउने र स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुग्ने उपमहानगरपालिकाको अपेक्षा छ । उपमहानगरपालिकाका अनुसार बुटवलका विभिन्न १७ वटा कृषि फार्मबाट माला बनाउन प्रयोग हुने फूल खरिद गर्न सकिने व्यवस्था मिलाइएको छ । स्थानीय उत्पादनलाई प्राथमिकता दिँदा वातावरण संरक्षणसँगै किसान तथा व्यवसायीको आयआर्जनमा समेत सहयोग पुग्ने विश्वास उपमहानगरपालिकाले लिएको छ ।सिद्धार्थनगर नगरपालिकाले पनि प्लास्टिकजन्य फूलमाला प्रयोग नगर्न र स्थानीय स्तरमा उत्पादित फूलमाला प्रयोग गर्न नगरवासीलाई आग्रह गरेको छ । *(रातोपाटी डटकम*

धानको बजार सुनिश्चित गर्दै कृषि सहकारी



बाँके, बाँकेको राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्था लिमिटेडले यो वर्ष किसानसँग गाउँमै १० हजार क्विन्टल धान खरिद गर्ने भएको छ । किसानले उत्पादन गरेको सबै जातको धानको उचित मूल्य सुनिश्चित गरी धान खरिद गर्ने कार्य सुरु गरिएको सहकारीका मुख्य प्रबन्धक जमानसिंह वलीले बताए । "स्थानीय कृषकलाई प्रोत्साहन गर्न र उनीहरूको उत्पादनको उचित मूल्य सुनिश्चित गर्न धान खरिद गर्ने योजना बनाइएको छ," वलीले भने, "सहकारीले किसानको मेहनतलाई सम्मान गर्दै धानको फरक-फरक मूल्य निर्धारण गरेको छ ।"

उनका अनुसार सहकारीले मसिनो धान प्रतिक्विन्टल रु तीन हजार २००, राधा ४ मोटो प्रतिक्विन्टल दुई हजार ८५०, हाइब्रिड (जुन सुकै) प्रतिक्विन्टल रु दुई हजार ७५० मूल्य निर्धारण गरेको छ । सहकारीले घोषणा गरेको यो योजनाअन्तर्गत धान बेच्न इच्छुक कृषकले सम्बन्धित धान संस्थाको गोदाम घर तथा संलग्न केन्द्रमा ल्याउनु पर्नेछ । किसानको १० हजार क्विन्टल धान गाउँमै खरिद गर्ने यस अभियानले राप्ती सोनारी क्षेत्रका किसानको आर्थिकस्तर उकास्न र उनीहरूलाई बजारीकरणमा सहजता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको उनको भनाइ छ ।

राप्ती सोनारी-६ फतेपुरको टेपरीमा केन्द्रीय कार्यालय रहेको साकार कृषि सहकारी संस्थामा आठ हजार बढी किसान सदस्य रहेका छन् । राप्ती सोनारी-५ बिनौनास्थित सहकारीको गोदाममा किसानको धान खरिद गरेर भण्डारणको व्यवस्था मिलाइएको संस्थाका अध्यक्ष हुमाशंकर वलीले बताए ।उनका अनुसार, सहकारीले किसानलाई बीउ धान उत्पादनका लागि पनि प्रोत्साहन गर्दै आएको छ । किसानले उत्पादन गरेको बीउ धान सहकारीले खरिद गर्ने गरेको छ ।साकार कृषि सहकारी संस्थाले किसानको हितलाई दृष्टिगत गर्दै कुल रु ५५ लाखको लागानीमा यो वर्षदेखि अत्याधुनिक 'सिल्की चामल मिल' जडान गरी सञ्चालनमा ल्याएको छ । यो मिल सञ्चालनमा आएसँगै राप्ती सोनारीका किसानले उत्पादन गरेको धान सहकारीमार्फत सहजै बिक्री वितरण हुनेछ । कुटानी-पिसानीको सुविधा गाउँमै उपलब्ध भएको वलीको भनाइ छ ।स्थानीय तहमै कृषि उपजको प्रशोधन र बजारीकरणको व्यवस्था भएपछि राप्ती सोनारीका किसानमा व्यावसायिक कृषिप्रतिको आकर्षण थप बढ्ने विश्वास लिइएको उनले बताए ।खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँके जिल्लामा धान खरिदका लागि १० हजार क्विन्टल मात्रै कोटा निर्धारण भएकोले गाउँ-गाउँमा सहकारीले धान खरिद गर्ने कार्य गरे किसानलाई झन्झो राहत हुने किसान महासै बाँकेका अध्यक्ष कृष्णविक्रम केसीले बताए । ***रासस***

किसानलाई फूल टिप्न र बेच्न भ्याइनभ्याइ



तिहार नजिकिएसँगै कञ्चनपुर किसानलाई सयपत्री फूल टिप्न र बिक्रीको तयारी गर्न भ्याइनभ्याइ छ । यस वर्ष तिहारअघि नै फूलको माग आउन थालेपछि किसान उत्साहित भएका छन् । विगतमा उत्पादन गरेको फूलले बजार नपाउँदा बारीमै कुहिने समस्या भोग्दै आएका किसान अहिले भने बजारको माग बढ्न थालेपछि फूलखेती विस्तार गर्न थालेका छन् । स्थानीय उत्पादनले बजार पाउन थालेसँगै कञ्चनपुरमा व्यावसायिक फूलखेतीप्रति किसानको आकर्षण पनि बढ्दै गएको छ ।कुनै समय तिहारका लागि आवश्यक फूल तथा माला भारतबाट आयात गर्नुपर्ने अवस्था थियो । कृत्रिम फूलमालामा प्रतिबन्ध र आयातित फूलको उपलब्धतामा आएको कमीपछि स्थानीय उत्पादनको माग बढ्न थालेको हो ।

यसले कञ्चनपुरमा फूलखेतीलाई व्यावसायिक रूपमा अघि बढाउने सम्भावना बढाएको छ । भीमदत्त नगरपालिका(१ कि सिर्जना जोशी सात वर्षदेखि पुष्प व्यवसाय गर्दै आएकी छिन् । ३०० बोटबाट सुरु गरेको उनको फूलखेती अहिले १५ कट्टा क्षेत्रफलमा फैलिएको छ । गत वर्ष १० कट्टामा फूलखेती गरेकी सिर्जनाले यस वर्ष बजारको सम्भावना देखेर खेती विस्तार गरेकी हुन् ।गत वर्ष फूल बिक्रीबाट कर्मचारी तथा मजदुरको खर्च कटाएर करिब डेढ लाख रुपैयाँ आम्दानी भएको सिर्जना बताउँछिन् । यस वर्ष तिहारमा मात्रै चार क्विन्टल फूल बिक्री गर्ने उनको लक्ष्य छ । अहिले फूल प्रतिकिलो ५०० रुपैयाँसम्ममा बिक्री भइरहेको छ ।'अधिल्ला वर्षमा फूल उत्पादन गरे पनि बजारको समस्या हुन्थ्यो । अहिले भने माग आउन थालेको छ,' उनी भन्छिन् ।

नयाँ किसान पनि आकर्षित

फूलखेतीबाट आम्दानी गर्न सकिने सम्भावना देखेपछि नयाँ किसानसमेत यस व्यवसायमा जोडिन थालेका छन् । भीमदत्त नगरपालिका-१५ कि मेघा रावलले आफ्नै चार कट्टा जग्गामा दुई हजार ४०० बोट फूल रोपेकी छिन् ।करिब २५ हजार रुपैयाँ लगानी गरेर फूलखेती सुरु गरेकी मेघाले यस वर्षको उत्पादनबाट फूलले राम्रो मूल्य र बजार पाए आगामी वर्ष खेती विस्तार गर्ने योजना बनाएकी छिन् । फूलखेतीमा ठूलो लगानी नचाहिने र उचित बजार पाए आम्दानी गर्न सकिने सम्भावनाले पनि किसानलाई आकर्षित गरेको छ ।

चाडपर्वमा बढ्छ फूलको माग

तिहारमा सयपत्री फूलको प्रयोग माला बनाउन मात्र सीमित छैन । पूजाआजा, घर तथा कार्यालय सजावट र विभिन्न सांस्कृतिक कार्यक्रममा पनि प्रयोग हुने भएकाले चाडपर्वका बेला फूलको माग बढ्ने गर्छ । तिहारसँगै विवाह, धार्मिक अनुष्ठान तथा अन्य समारोहमा समेत सयपत्री फूलको प्रयोग हुने भएकाले बजार विस्तारको सम्भावना छ । यही मागलाई ध्यानमा राखेर किसानले चाडपर्व लक्षित फूलखेती गर्दै आएका छन् ।कञ्चनपुरमा फूलखेतीप्रति आकर्षण बढ्दै गए पनि दिगो व्यवसाय बनाउन बजार व्यवस्थापन, गुणस्तरीय बीउविजन र प्राविधिक सहयोग आवश्यक देखिन्छ । उत्पादन भएको फूल समयमै बिक्री गर्न नसके किसानको लगानी र मिहिनेत खेर जाने जोखिम रहन्छ ।त्यसैले, चाडपर्वको समयमा मात्रै फूलको माग बढ्ने अवस्थालाई वर्षभरि बजार रहने वातावरणमा रूपान्तरण गर्न आवश्यक छ ।स्थानीय उत्पादनलाई बजारसँग जोड्ने, किसानलाई खेतीसम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउने र बिक्री वितरणलाई व्यवस्थित बनाउने हो भने फूलखेती ग्रामीण क्षेत्रका किसानका लागि आम्दानीको भरपर्दो माध्यम बन्न सक्छ ।-***बनलाईन खबर***

आज विश्व रेडियोग्राफी दिवस मनाइँदै


पाल्पा, कार्तिक २१/ आज विश्व रेडियोग्राफी दिवस विविध कार्यक्रमहरुको आयोजना गरी मनाइँदै छ । रेडियोग्राफी सेवाको महत्व र स्वास्थ्य क्षेत्रमा यसको योगदानबारे जनचेतना फैलाउने उद्देश्यले हरेक वर्षको नोभेम्बर ८ मा यो दिवस मनाउने गरिएको हो ।

चिकित्सा क्षेत्रमा एक्स-रे प्रविधिको महत्व, यसको प्रयोग र स्वास्थ्य उपचारमा पुऱ्याएको योगदानबारे जनचेतना अभिवृद्धि गर्नु दिवसको मुख्य उद्देश्य हो । रेडियोग्राफी प्रविधिले शरीरभित्रका हयी, अंगप्रत्य' तथा विभिन्न तन्तुको अवस्था पत्ता लगाउन सहयोग पुऱ्याउँछ । सामान्य एक्स-रेदेखि अल्ट्रासाउन्ड, सीटी स्क्यान र एमआरआईसम्मका प्रविधिले रोगको पहिचान, उपचारको योजना बनाउन तथा उपचारको प्रभाव मूल्याङ्कन गर्न महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । विशेषगरी हयी भाँचिएको, फोक्सोसम्बन्धी समस्या, क्यान्सर तथा अन्य जटिल रोगको निदानमा मेडिकल इमेजिङ प्रभावकारी माध्यम बनेको छ । सन् १८९५ नोभेम्बर ८ मा जर्मन वैज्ञानिक विल्हेल्म कोनराड रोन्टगेनले एक्स-रे पत्ता लगाएको दिनको सम्झनामा यो दिवस मनाउन थालिएको हो । उनको खोजले चिकित्सा विज्ञानमा नयाँ सम्भावनाको ढोका खोलेको थियो।

२६१ परिवारले पाए...

...लालपुर्जा प्राप्त गर्ने ८० वर्षीया स्थानीय मधुरा कुमिनीले जीवनको उत्तरार्धमा आएर आफ्नो जग्गाको स्वामित्व प्रमाणित हुने कागजात पाउँदा खुसी लागेको बताइन् । लामो समयदेखि आफूले भोग चलन गर्दै आएको जग्गाको पुर्जा पाउने आशा पूरा भएको उल्लेख गर्दै उनले भनिन्, "वर्षौं देखि यही जग्गामा बस्दै र भोगचलन गर्दै आए पनि आफ्नो नाममा पुर्जा थिएन । अहिले बुढेसकालमा भए पनि लालपुर्जा पाउँदा निकै खुसी लागेको छ । अब आफ्नो जग्गा आफ्नै भएको प्रमाण हात परेको छ ।" वडा नं ९ का स्थानीय छेदी अहिरले पाँच पुस्तादेखि भोगचलन हुँदै आएको जग्गाको लालपुर्जा अहिले आएर प्राप्त भएको बताइन् । पुर्जा नहुँदा जग्गाको स्वामित्वसम्बन्धी समस्या र अन्योल रहँदै आएको उल्लेख गर्दै उनले भनिन्, "हाम्रा पुर्खाले भोगचलन गर्दै आएको जग्गाको पुर्जा पाउन पाँच पुस्ता कुर्नुपर्यो । अहिले आफ्नो नाममा लालपुर्जा पाउँदा परिवारमा खुसी छाएको छ ।"कृष्णनगर नगरपालिकाका नगर प्रमुख रजतप्रताप शाहले गाउँब्लक जग्गाधनीलाई लालपुर्जा उपलब्ध गराउने कार्यलाई नगरपालिकाले प्राथमिकतामा राखेको बताए । लालपुर्जा प्राप्त भएपछि स्थानीयवासीको जग्गामाथिको कानुनी स्वामित्व सुरक्षित हुनुका साथै आर्थिक तथा सामाजिक गतिविधिमा सहज हुने उनको भनाइ छ ।"नगरपालिका भित्र रहेका गाउँब्लक जग्गाधनी सबैलाई क्रमशः प्रमाणपुर्जा उपलब्ध गराउनेलाई निरन्तरता दिइनेछ", नगर प्रमुख शाहले भने । बाँकी जग्गाको दर्ता प्रक्रिया सम्बन्धित निकायसँग समन्वय गरी छिटो सम्पन्न गर्न पहल गरिने उनले जानकारी दिए । नगर प्रमुख शाहले कृष्णनगर बजार, बहादुरगञ्ज बजार र सिर्सिंडवामा रहेका बहाल बिटौरी जग्गाको लालपुर्जा वितरणका लागि प्रक्रिया अघि बढ्ने बताए । त्यसका लागि अध्यादेश आइसकेको र आयोग गठन भएपछि छिट्टै लालपुर्जा वितरणको काम अगाडि बढाइने उनले बताए ।नापी कार्यालय तौलिहवाका प्रमुख जनक भण्डारीले गाउँब्लक जग्गाको नापजाँच तथा दर्ता प्रक्रिया पूरा गरी प्रमाणपुर्जा वितरण गरिएको जानकारी दिए । विसं २०७० मा नापी गरिएको जग्गाको प्रमाण पुर्जा वितरण गर्न सफल भएको उल्लेख गर्दै उनले प्रमाण पुर्जामा जग्गाधनीको नाम, कित्ता नम्बर, क्षेत्रफललगायत विवरण ध्यानपूर्वक जाँच गर्न आग्रह गरे ।-*रासस*









वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

-पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,

-दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैयासम्म जरिवाना,

-त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैयासम्म जरिवाना,

-जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. १८/०७५/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई